“घोराही उपमहानगरपालिकाको योजना, कार्यक्रम तथा सार्वजनिक सेवा, सुविधाको प्रभावकारिता सम्बन्धमा”

आ.व ०८१/०८२ को,

# तेश्रो त्रैमासिक सार्वजनिक सुनुवाइ

# कार्यक्रम प्रतिवेदन

**कार्यक्रम संचालन मितिः २०८२ बैशाख  ३० गते**

समाजका लागि सञ्चार पैरवी नेपाल
दाङ

घोराही उपमहानगरपालिका,
दाङ

# बिषयसूची


**१. भूमिका** ............ 3

२. सार्वजनिक सुनुवाईको औचित्य ............ 3

३.कार्यक्रमको उद्देश्य : ............ 4

५. कार्यक्रम सञ्चालनको स्थान, मिति र समय : ............ 4

६. सार्वजनिक सुनुवाई सञ्चालन विधि : ............ 4

७. औपचारीक कार्यक्रम : ............ 5

**७.१. राम्रा पक्षहरू** ............ 6

**७.२ सुधार गर्नुपर्ने पक्षहरू** ............ 7

**८. खुला छलफल तथा नागरीकहरूको गुणासो प्रतिक्रिया संकलन** : ............ 8

९. उठेका प्रश्न र जिज्ञासा र उत्तर : ............ 9

१०. गुणासो सम्बोधन ............ 12

११. सार्वजनिक प्रतिबद्धता सार्वजनिकिकरण ............ 13

१२. कार्यक्रमको समापन ............ 13

१३. निष्कर्ष ............ 15

१४. फोटोहरु ............ 16

## १. भूमिका

नेपालको संविधानले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामुलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभुति गर्ने व्यवस्था गरेको छ । नेपालको संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धती अनुसार विकासका प्रयासहरुलाई स्थानीय तहबाट नै सुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लागु गर्दै आएको छ । यी ऐन नीति नियम तथा कार्यक्रमहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन कार्यलाई सुदृढीकरण गर्दै अगाडि बढाईरहेको छन् । सेवाग्राही नागरीकहरुलाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानसमा स्थानीय तहहरुलाई सफल एवम् सबल निकायको रुपमा स्थापित समेत गर्नको लागि नेपाल सरकारले विभिन्न अनुगमन संयन्त्रहरु बनाएको छ । यि अनुगमन सुचकहरुको अग्रपक्तिंमा सार्वजनिक सुनुवाई पनि पर्न आउँदछ । स्थानीय तहहरु सञ्चालन गर्न बनेका ऐन तथा नियमहरुले स्थानीय तहहरुले एक आ.व.को चौमासीक वा त्रैमासिकमा सम्पादन गरेका कार्यहरुको सार्वजनिक सुनुवाई वर्षको कम्तिमा तीन वा चार पटक गर्ने गरी व्यवस्था मिलाइएको छ । स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ ले स्थानीय निकायको सञ्चालन प्रक्रिया तथा अपनाउनु पर्ने सुशासनको प्रत्याभूतिको लागि गर्नुपर्ने कार्यक्रमहरुको पनि स्पष्ट व्यवस्था गरेको छ । ती व्यवस्थाहरु मध्ये सार्वजनिक सुनुवाई कार्यक्रम पनि एक हो । ऐन तथा नियमावलीहरुले गरेको व्यवस्थालाई सरल तथा प्रभावकारी ढंगले सञ्चालन गर्न सजिलो होस् भनी नेपाल सरकारले सार्वजनिक सुनुवाई कार्यविधी २०६७ कार्यान्वयनमा ल्याएको छ । यस निर्देशिका बमोजिम कुनै पनि स्थानीय तहहरुले वर्षको कम्तिमा तीन पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने तथा सो कार्य कुनै पनि परामर्श, दातृ संस्था वा विज्ञहरुको सहजीकरणमा सो कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख गरेको छ । यिनै कुराहरुलाई ध्यानमा राख्दै यस घोराही उपमहानगरपालिकाले आ.व. २०८१/०८२ को तेश्रो त्रैमासिक अवधिमा सञ्चालन गरेका योजना आयोजना तथा सम्पादन गरेका समग्रमा कार्यहरुको सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्न समाजका लागि सञ्चार पैरवी नेपाललाई जिम्मेवारी दिएको सन्दर्भमा यस संस्थाको प्राविधिक सहयोगमा सञ्चालन भएको सार्वजनिक सुनुवाइ कार्यक्रमको विवरण यस प्रतिवेदनमा समावेश गरिएको छ ।

## २. सार्वजनिक सुनुवाईको औचित्य

स्थानिय सरकार शासन सञ्चालन २०७४, तथा स्थानिय तहका लागि निर्माण गरिएको सुशासन प्रर्वद्धन कार्यनीति २०७७ ले हरेक स्थानीय तहले आफ्नो पालिकाले एक चौमासीक, त्रैमासीक वा वर्षभरी सञ्चालन र सम्पादन गरेको कामहरुको सार्वजनिक सुनुवाइ गर्नु पर्ने कुरा उल्लेख गरेको छ । घोराही उपमहानगरपालिकामा आ.व. २०८०।८१ भित्र सञ्चालन गरेका विकास निर्माण कार्यहरु तथा स्थानीय नागरीकहरुका लागि पुऱ्याएको सेवा सुविधाहरुको विषयमा सेवग्राहीहरुको प्रतिक्रिया तथा गुणासाहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका लागि चाल्नु पर्ने कदमहरु बारेमा जानकारी लिने महत्वपूर्ण कार्यका लागि सार्वजनिक सुनुवाइ कार्यले व्यवस्थापन गर्दछ । कानुनी शासन सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन यस कार्यले व्यवस्थित गरेको छ । यसको साथै हालको केही वर्ष यता नेपाल सरकारले कार्यसम्पादनमा आधारित अनुदान वितरण पद्धती लागु गरेको र

गाउँ तथा नगरपालिकाको सार्वजनिक सुनुवाइ कार्यलाई पनि एउटा सुचकको रुपमा राखिएकोले पनि यसको अपरिहार्यतालाई प्रष्ट पारेको छ ।

## ३.कार्यक्रमको उद्देश्य :

यस कार्यक्रमको मुख्य उद्देश्य घोराही उपमहानगरपालिकाबाट आ.व. २०८१/०८२ को तेश्रो त्रैमासिक अवधिमा उपनगरपालिकाकाले नागरीकहरुलाई पुऱ्याएको सेवा सुविधा तथा सम्पादन गरिएका कार्यहरुको विषयमा जनताहरुको प्रतिक्रिया तथा गुणासाहरुलाई व्यवस्थापन गर्नु थियो । त्यस्तै स्थानिय तहबाट उपलब्धहुने वा उपलब्ध गराईएको सेवा, वस्तु र सुविधाका सम्बन्धमा अध्ययन अनुसन्धानबाट देखिएका सवाल/बिषयहरु सार्वजनिक गरी त्यस्ता विषयका सम्बन्धमा सार्वजनिक स्थलमा सेवाग्राही नागरिक तथा सार्वजनिक निकायका जिम्मेवार पदाधिकारी बीच दोहोरो संवाद (पश्न- उत्तर प्रकृया) बाट स्थानिय तहहरुले प्रदान गर्ने सेवा, सुविधा र बस्तुका सम्बन्धमा सेवाग्राही नागरिक प्रति जवाफदेहिता सृजना गरी प्रदत्त सेवा, सुविधा र बस्तुको गुणस्तर कायम गर्न टेवा पुऱ्याउनु तथा समग्रमा पारदर्शिता तथा जवाफदेहिताको माध्यमबाट सुशासनको प्रत्याभूति दिन सार्वजनिक प्रतिबद्धता कार्यान्वयन र अनुगमन गर्ने उद्देश्य रहेको थियो ।

## ५. कार्यक्रम सञ्चालनको स्थान, मिति र समय :

घोराही उपमहानगरपालिका आ.व. २०८१/०८२ को तेश्रो त्रैमासिक अवधिमा सम्पादन गरेका कार्यहरुको विषयमा २०८२ साल बैशाख ३० गतेका दिन घोराही उपमहानगरपालिका वडा नं १६ वडा कार्यालयमा अवस्थित कबर्ड हलमा कार्यक्रम आयोजना गरिएको थियो । बिहानको १:०० बजेबाट शुरु भएको यो कार्यक्रम ५ बजे सम्पन्न गरिएको थियो ।

## ६. सार्वजनिक सुनुवाई सञ्चालन विधि :

सार्वजनिक सुनुवाई कार्यविधि २०६७, र सुशासन प्रर्वद्धन रणनीति २०७७ बमोजिम स्थानीय तहहरुमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने र सामाजिक उत्तरदायित्व निर्वाह गर्ने अभिप्रायले घोराही उपमहानगरपालिकाले समाजका लागि सञ्चार पैरवी नेपालसँग सार्वजनिक सुनुवाइ कार्यक्रमको सहजीकरणको सम्भौता गरेको थियो । यस कार्यविधिमा उल्लेख भए बमोजिम सार्वजानिक सुनुवाइ कार्यक्रम गर्नु पूर्व १०० जना सेवाग्राहीहरुसँग नागरीक बर्हिगमन अभिमत र १०० जना सेवाग्राहीसँग नागरीक प्रतिवेदन पत्रको सर्वेक्षण गरिएको थियो । यस विधि कार्यान्वयन घोराही उपमहानगरपालिकाको सम्पुर्ण वडालाई समेट्ने गरी संचालन गरिएको थियो ।

## ७. औपचारीक कार्यक्रम :

घोराही उपमहानगरपालिकाको आयेजनामा तथा समाजका लागि सञ्चार पैरवी नेपाल दाङ्गको प्राविधिक सहयोगमा यहि मिति २०८२ साल बैशाख ३० गते आ.व. ०८१/०८२ को तेश्रो  त्रैमासिक सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको थियो । घोराही उपमहानगरपालिकाका नगर प्रमुख नरुलाल चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा उपप्रमुख हुमा कुमारी डिसी, प्रमुख प्रशासकिय अधिकृत, वडा नं ५, ६, ७, र १६ वडाका वडा अध्यक्षहरु, घोराही उपमहानगरपालिकाका महाशाखा/शाखाका प्रमुखहरु, कार्यपालिका सदस्यहरु, वडा सचिवहरु तथा सम्पुर्ण कर्मचारीहरुको उपस्थिती रहेको थियो । त्यस्तै कार्यक्रममा घोराही उपमहानगरपालिकाबाट सेवा लिएका सेवाग्राहीहरु, टोल विकास संस्थाका प्रतिनिधिहरु, विभिन्न नागरीक समाज संस्थाका प्रतिनिधिहरु, विद्यार्थी, शिक्षक लगायत घोराहीवासीहरु गरी २५१ जनाको सहभागीता रहेको थियो ।

यस सार्वजनिक सुनुवाईको कार्यक्रममा राष्ट्रिय गानबाट कार्यक्रमको उद्घाटन गरिएको थियो । घोराही उपमहानगरपालिकाका सूचना अधिकारी भिम बहादुर चौधरीले स्वागत मन्तब्य सँगै कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । त्यसैगरी वडा नं ५, ६, ७, र १६ नं वडाका वडा सचिवहरुले आ.व. ८१/०८२ तेश्रो  त्रैमासिक भित्र सम्पादन गरेका कार्यहरुको प्रगती विवरण प्रस्तुत गरेका थिए । वडा नं ५, ६, ७ र १६ वडा सचिवहरूले आर्थिक वर्ष २०८१/८२ को तेश्रो  त्रैमासिक अवधिभित्र निम्न प्रगतिहरू प्रस्तुत गरेका थिए:

### ➢ सडक निर्माण र विस्तार

घोराही उपमहानगरपालिकाको वडा नं. ५, ६, ७ र १६ मा स्थानीय सडक विस्तारका लागि बजेट स्वीकृत भएको छ । पुराना सडकहरूको मर्मत र नयाँ सडक निर्माणको कार्यले तीव्र गति लिएको छ । यी सडकहरूले स्थानीय बासिन्दाको दैनिक जीवनलाई सहज बनाउनुका साथै व्यापार र यातायातमा नयाँ सम्भावनाहरू सिर्जना गरिरहेको छ ।

### ➢ शैक्षिक सुधार

शिक्षा क्षेत्रमा गुणस्तरीय सुधारका लागि शिक्षकहरूलाई विशेष तालिम प्रदान गरिएको छ । विद्यालयहरूको भौतिक संरचनालाई आधुनिक बनाउन बजेट विनियोजन भएको छ, र योजनाअनुसार निर्माण कार्य तीव्र रूपमा अगाडि बढिरहेको छ । यी प्रयासहरूले विद्यार्थीरूको सिकाइलाई थप प्रभावकारी र रचनात्मक बनाउने लक्ष्य राखिएको छ ।

### ➢ कृषि र उत्पादनमा नवप्रवर्तन

किसानहरूलाई आधुनिक कृषि औजार र प्रविधिको वितरण गरिएको छ, जसले उत्पादनमा वृद्धि र मेहनतमा कमी ल्याएको छ । सिँचाइ सुविधालाई सुदृढ गर्न ठोस योजनाहरू कार्यान्वयनमा छन् । साथै, किसान समूहहरूलाई व्यावसायिक उन्नति र समृद्धिका लागि तालिम र कार्यशालाहरू सञ्चालन गरिएका छन्, जसले उनीहरूको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याइरहेको छ ।

### ➢ महिलाहरूको आर्थिक सशक्तीकरण

महिलाहरूलाई आत्मनिर्भर बनाउन साना व्यवसाय प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिएका छन्। यी पहलहरूले महिलाहरूलाई आर्थिक स्वतन्त्रता र सामाजिक सम्मान प्रदान गर्न महत्वपूर्ण भूमिका खेलिरहेका छन्। यस्ता कार्यक्रमले गाउँ-समुदायमा नयाँ आशा र उत्साहको सञ्चार गरेको छ।

➢ गाउँ र टोल विकासको नयाँ खाका

सबै वडाहरूमा सार्वजनिक चौकहरूको निर्माण योजनालाई तीव्रता दिइएको छ। यी चौकहरूले स्थानीय स्तरमा सामुदायिक सहकार्य र स्वास्थ्य सेवाका लागि महत्वपूर्ण केन्द्रको रूपमा काम गर्नेछन्। गाउँलाई हरियाली र सुन्दर बनाउन वृक्षरोपण र सरसफाइ अभियानलाई पनि प्राथमिकता दिइएको छ।

➢ **सामाजिक सुरक्षाको सुदृढीकरण**

ज्येष्ठ नागरिक र अशक्तता भएका व्यक्तिहरूसँग सम्बन्धित योजनाहरूको कार्यान्वयनमा उल्लेखनीय प्रगति भएको छ। ज्येष्ठ नागरिक भत्ता कार्यक्रमलाई थप विस्तार गरिएको छ, र प्रभावित व्यक्तिहरूलाई सहयोगी कार्यक्रमहरू मार्फत राहत प्रदान गरिएको छ। यी प्रयासहरूले समुदायमा समावेशी र संवेदनशील वातावरण सिर्जना गरेका छन्।

➢ **शिक्षा र बालबालिकाको भविष्य**

बालबालिकाको शिक्षा र सुरक्षालाई सुनिश्चित गर्न विभिन्न उपायहरू अवलम्बन गरिएका छन्। विद्यालयहरूका लागि नयाँ योजनाहरू प्रस्तावित छन्, र सुविधाहरूको सुधारमा निरन्तर काम भइरहेको छ।

➢ **थारू समुदायको पर्यटकीय गन्तव्य**

घोराही उपमहानगरपालिकाको वडा नं. ७, सिसहनियामा अवस्थित थारू समुदायको गाउँलाई 'थारू होमस्टे' र पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न योजनाबद्ध प्रयासहरू भइरहेका छन्। यो पहलले स्थानीय संस्कृति, परम्परा र आतिथ्यलाई विश्वसामु चिनाउने र आर्थिक समृद्धिको नयाँ ढोका खोल्ने अपेक्षा गरिएको छ।

त्यस्तै समाजका लागि सञ्चार पैरवी नेपालको तर्फबाट आ.व. २०८१।०८२ को यस दोश्रो त्रैमासिक अवधिमा सेवा लिएका सेवाग्राहीहरु सँग लिएको सर्वेक्षण मतको प्रतिवेदन प्रस्तुतिकरण तथा कार्यक्रमको सहजिकरण समाजका लागि सञ्चार पैरवी नेपाल दाङका कार्यक्रम संयोजक छवी पुरीले गर्नुभएको थियो। घोराही उपमहानगरपालिकाले दोश्रो त्रैमासिक भित्र सेवा लिएका सेवाग्राहीहरुले तपसिलको सुझाव तथा प्रतिक्रियाहरु व्यक्त गरेका छन् :

### ७.१. राम्रा पक्षहरु

- **सडक विस्तार र मर्मत:** वडा नं ५ को रज्जे देखी रिहार सम्म जोड्ने सडक बिस्तार भईरहेको तथा ग्रामीण पहाडी क्षेत्रको सडक निर्माण कार्य भएकोले यातायातमा पहुँच भएको।
- **पक्की सडकहरुको विस्तार :** यस घोराही उपमहानगरपालिकाका वडा नं ५, ६, ७ र १६ का विभिन्न ठाउँहरुमा पक्की सडकहरु विस्तार भईरहेकोले यातायातमा सहजता ल्याएको तथा बजार स‘‘ग जोडेर स्थानिय अर्थतन्त्र समृद्धि हुन तर्फ उन्मुख भएको।
- **स्वास्थ्य सेवाहरूको सुधार :** स्वास्थ्य केन्द्रहरूको विस्तार र प्राथमिक स्वास्थ्य सेवा प्रदान गर्दा बासिन्दाहरूको स्वास्थ्य सेवामा सहजता आएको छ।

- **कृषि सामाग्री वितरण :** कृषकहरूको लागि कृषि उपकरण र बिउ बिजनहरु वितरण गर्नाले कृषकलाई थप व्यावसायिक बन्न तर्फ प्रेरीत गरेको छ ।
- **पक्की नाला निर्माण:** गाउँगाउँमा नालाहरुको निर्माण कार्य विस्तार भएकाले सिचाईका लागि हुने वर्तमान समस्याहरु समाधान हुदै गएको छ ।
- **शिक्षा र छात्रवृत्रि् कार्यक्रम :** स्थानीय बासिन्दाहरूका लागि शिक्षा कार्यक्रम र छात्रवृत्तिहरू उपलब्ध गरिनुले शैक्षिक स्तरलाई सुधार गरेको छ ।
- **वरिष्ठ नागरिकको समर्थन :** वृद्धहरूको लागि विशेष कार्यक्रम र सहायता उपलब्ध गरिनुले उनीहरूको हक र सम्मानमा वृद्धि गरेको छ ।
- **खेलकुद विकास :** खेलकुदका कार्यक्रमले युवाहरुलाई व्यावसायिक खेल तर्फ उत्प्रेरीत गरेको छ ।
- मानव कल्याण समाजः मानव कल्याण समाजले बेवारीसे सडक मानिसहरुको व्यवस्थापनले सभ्य समाज निर्माणमा टेवा पुऱ्याएको छ ।
- **वातावरणीय सफाई र हरियाली :** वडाहरूमा सफाई अभियान र हरियालीको प्रवर्द्धन गरिएको छ, जसले वातावरणलाई सफा राख्न र बासिन्दाहरूको स्वास्थ्यमा सुधार ल्याउन मद्दत गरेको छ ।
- **समुदायको समन्वय र सहभागिता :** स्थानीय बासिन्दाहरूको सक्रिय सहभागितासँगै विकास कार्यक्रमहरूको समन्वय गरी स्थानीय समुदायको आवश्यकता अनुसार निर्णय गरिएको छ, जसले पारदर्शिता र उत्तरदायित्वमा वृद्धि गरेको छ ।

## ७.२ सुधार गर्नुपर्ने पक्षहरु

- योजना तथा कार्यक्रमको बिल भुक्तानी प्रक्रिया वडा स्तरबाट गर्दा विकास निर्माणका कामहरु सहज र सरल तरिकाले सम्पन्न हुनेछन् ।
- स्वास्थ्य संस्थाहरुमा निशुल्क प्राप्त हुने औषधीको व्यवस्थापन तथा ब्रथिङ सेन्टरको उचित स्तरउन्नती गर्नुपर्ने देखिएको छ ।
- घोराही उपमहानगरपालिकाकाको वडा नं ७ मा अवस्थित थारु नमुना ग्राम क्षेत्रलाई थप व्यवस्थित गरी पर्यटकिय क्षेत्रको रुपमा विकास गरी परम्परागत धार्मिक स्थलहरुलाई संरक्षण र प्रर्वद्धन गर्नाले आर्थिक क्षेत्रको विकासमा टेवा पुग्ने थियो ।
- सरसफाईको कार्यहरु टोल विकास संस्थाका १–२ जनाले मात्र नभएर हरेक टोलववासी नै सक्रिय हुने र वडाले नेतृत्व लिदाँ काम प्रभावकारी हुने भएकोले यस विषयमा वडा सरकार अग्रसर हुनुपर्ने ।
- विद्यालयको भौतिक संरचनाहरु सुधार गरी शैक्षिक विकासका कार्यक्रमहरु प्रभावकारी रुपले कार्यान्वयन गर्नुपर्ने देखिएको छ ।
- पक्की बाटोहरु बिग्रदै गएकोले त्यसको मर्मतका लागि स्थानिय तहले पहल गर्नुपर्ने देखिएको छ । साथै कच्ची बाटाहरुलाई पुनः ग्राभेल गर्नुपर्ने देखिएको छ ।
- कृषि विकासका लागि किसानहरुलाई तालिमको व्यवस्थापन गरी उन्नत बिउ वितरण तथा प्रभावकारी अनुगमन गर्नुपर्ने देखिएको छ ।
- हरेक गाउँ टोलमा इन्टरनेट विकासका लागि स्थानिय तहले पहल गर्नुपर्ने देखिएको छ ।

- स्वास्थ्य संस्थामा गर्भवती तथा सुत्केरी महिलाहरुको सेवा प्रभावकारी बनाई थप संरचना तथा औजारहरु व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिएको छ ।
- बाटो, ढल, खानेपानी, सामुदायिक भवन निर्माणमा गुणस्तर मापदण्ड अपनाइनुपर्ने ।
- हरेक विकास आयोजनाको नियमित अनुगमन र सार्वजनिक समीक्षा आवश्यक छ ।
- खेलकुद क्षेत्रको पूर्वाधार सुधार तथा युवा प्रतिभा पहिचानका कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- सीप आधारित तालिम तथा रोजगारी सृजनामूलक कार्यक्रममा युवा सहभागिता सुनिश्चित गरिनु आवश्यक छ ।
- स्थानीय महिलाहरू तथा विपन्न वर्गलाई लक्षित गरी वित्तीय साक्षरता, उद्यमशीलता र सीप विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- सहकारी र ऋण पहु“च कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने ।
- सेवाग्राहीले अनलाइनबाट सेवा लिन सक्ने व्यवस्था अझ सहज र पहुँचयोग्य बनाउनु आवश्यक छ ।
- कार्यालय परिसर तथा भीडभाड क्षेत्रहरूमा उचित पार्किङ सुविधा उपलब्ध गराउनुपर्ने ।
- अनियमित पार्किङका कारण हुने जाम तथा असुविधालाई न्यून गर्न स्पष्ट नियम अबलम्बन गर्नुपर्ने ।
- सेवाग्राहीका गुनासो सुन्ने र समाधान गर्ने प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने छ ।

## ८. खुला छलफल तथा नागरीकहरुको गुणासो प्रतिक्रिया संकलन :

यस सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागीहरुको गुणासो तथा सुझाव संकलन गरिएको थियो । घोराही उपमहानगरपालिकाले प्रवाह गर्ने बस्तु तथा सेवालाई थप प्रभावकारी बनाउन र पालिकाको काम कारवाहीलाई पारदर्शी, सुशासन मैत्री बनाउन नागरीकहरुले विभिन्न प्रकारका प्रतिक्रियाहरु व्यक्त गरेका थिए । ति यस प्रकारका रहेका छन् ।

## ९. उठेका प्रश्न र जिज्ञासा र उत्तर :

मिति : २०८२/०१/३०

| क.सं. | प्रश्नकर्ताको नाम, थर, ठेगाना | सहभागीको प्रश्न/गुनासो/सुझाव | जवाफदिने पदाधिकारीको नाम, थर, ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | रमेश जिसी<br>सर्रा खानेपानी संस्था | समयमा योजना सम्पन्न गर्न किन ढिलाई हुन्छ ? खानेपानी वितरणका लागि बजेट अभावमा सेवा दिन ढिलाई भएको छ । समस्या समाधानमा चासो दिनुहोला । | नरुलाल चौधरी प्रमुख<br>हुमा डिसी<br>उपप्रमुख<br>ताराबहादुर डिसी १६<br>वडा अध्यक्ष | सिमित बजेट र आवश्यकता धेरै हुँदा समय लागेको हो । प्राथमिकता निर्धारण गरेर काम गर्नेछौं । जनताको आधारभूत आवश्यकता पुरा गर्ने प्रयास जारी छ । |
| २ | यज्ञप्रकाश मल्ल<br>सर्रा | बढ्दो शहरीकरणमा विपद व्यवस्थापनको दीर्घकालीन योजना बनाउन ध्यान दिनुहोला । | नरुलाल चौधरी प्रमुख<br>हुमा डिसी<br>उपप्रमुख | विपद व्यवस्थापन प्रतिकार्यको योजना बनाएर काम हुने गरेको छ । बढ्दो शहरीकरणसँगै विपदका घटना पनि बढ्ने हुँदा वैज्ञानिक रुपमा योजना बनाएर काम हुनेछ । |
| ३ | स्मारिका चौधरी<br>ज्ञानमाला एकेडेमी | विद्यार्थीले सार्वजनिक यातायातमा पाउने भाडा छुट कार्यान्वयनका लागि पालिकाको पहल होस् । | नरुलाल चौधरी प्रमुख<br>हुमा डिसी<br>उपप्रमुख | यसअघि पनि यातायात क्षेत्रका सरोकारवालासँग बसेर छलफल भएको छ । निर्णय किन कार्यान्वयन हुन सकेको छैन, बुझेर कार्यान्वयन गर्न पहल हुनेछ । |
| ४ | स्यानी चौधरी<br>रातामाटा टोल | बर्खा लाग्न थाल्यो । वडा नम्बर १३ र १६ जोड्ने सडक समयमा मर्मत भएन भने धेरै दुख हुनेछ, ख्याल गरियोस् । | नरुलाल चौधरी प्रमुख<br>हुमा डिसी<br>उपप्रमुख | सेवार खोलाको पुल निर्माणका कारण भईरहेको सास्तीका बारे जानकार छौं । यसको निकासका लागि प्रयास भईरहेको छ । पालिका तहबाट हुने काममा जुटेका छौं । |
| ५ | बिमला पुन<br>प्रगतिशील टोल<br>बाहुनडाँडा | बर्खामा हिड्न नसक्ने गरी बाटो बिग्रन्छ, बेलैमा बाहुनडाँडाको सडक मर्मत होस् । नभएर सडक सुरक्षाको जोखिम बढ्नेछ । | नरुलाल चौधरी प्रमुख<br>हुमा डिसी<br>उपप्रमुख | कतिपय योजना प्रदेश मातहतका हुँदा काम गर्न कठिन हुने गरेको छ । यस बारे तालुक कार्यालयमा ध्यानाकर्षण गराउने काम पालिकाले गरेको छ । |

| | | | | |
|---|---|---|---|---|
| ६ | प्रनित धिताल<br>ज्ञानमाला एकेडेमी | बालमैत्री पालिका भएकाले बालबालिका सम्बन्धी कार्यक्रम बनाउन सिर्जनात्मक कार्यक्रममा ध्यान दिनुहोला । | नरुलाल चौधरी प्रमुख<br>हुमा डिसी<br>उपप्रमुख | बालमैत्री पालिकामा बालबालिकाहरुको अधिकार सुनिश्चित गर्न हामी प्रतिवद्ध छौं । त्यसैले बाल अधिकारका क्षेत्रमा अहिले थुप्रै काम भईरहेका छन् । |
| ७ | पुरनबहादुर वली<br>फूलबारी टोल धर्ना | धारापानी-डाँगीगाउँ सडकको बाटो स्तर वृद्धिको काममा ठेकेदारले लापरवाही गर्दा स्थानीयलाई सास्ती भएको छ, काम गर्न पहल गरिदिनु पर्यो । | नरुलाल चौधरी प्रमुख<br>हुमा डिसी<br>उपप्रमुख<br>खोपीराम चौधरी ७ वडा अध्यक्ष | के कति कारणले काम रोकिएको हो । पालिका तहबाट चासो लिने काम हुनेछ । सडक बिस्तारका नाममा काम अलपत्र पार्ने काम राम्रो होईन, बर्खा अधि कम्तिमा आउजाउ गर्न मिल्ने गरी काम गर्न पहल हुनेछ । |
| ८ | अरबिन्द चौधरी<br>बेसाही | वडा नम्बर ७ र १६ को पानीकुलाको बाँध नहुँदा समस्या छ, समाधान कहिले हुन्छ । | नरुलाल चौधरी प्रमुख<br>हुमा डिसी<br>उपप्रमुख | किसानका लागि चाहिने सिचाई कुलो बनेको छ । अब बाँधका लागि के कसरी काम गर्न सकिन्छ भनेर अध्ययन गरेर काम गर्नेछौं । |
| ९ | गीता चौधरी<br>हनरिया | हनरियाको मेरौली-सिसहनिया जोड्ने सडकले दुख दिएको छ । समयमा काम गर्न पहल गरिदिनु होला । | नरुलाल चौधरी प्रमुख<br>हुमा डिसी<br>उपप्रमुख | ग्रामीण सडक मर्मतको काम बर्खा अघि नै गर्ने काम भईरहेको छ । त्यहाँको समस्या समाधानका लागि वडा हुँदै पालिकाले प्रयास गरिरहेको छ । |
| १० | आदिती केसी<br>ज्ञानमाला एकेडेमी | पालिकाको हरेक कार्यक्रममा बालबालिकाको सहभागीता सुनिश्चित गर्न ध्यान दिनुहोला । | नरुलाल चौधरी प्रमुख<br>हुमा डिसी<br>उपप्रमुख | बालमैत्री पालिकामा बालबालिकाहरुको हरेक कुराको सुनुवाई हुन्छ । बालबालिका भोलिको भविष्य हुन् । उनीहरुको आवाज र विचारको सम्मान गर्दै हामीले काम गर्दै आएका छौं । कामका दौरान देखिएका समस्या पनि समाधान गरेर अघि बढ्ने छौं । |
| ११ | शोभा पौडेल<br>धर्ना हरियाली टोल | टोलको भवन बनाउने काम अलपत्र अवस्थामा छ । कामलाई पूर्णता दिन ध्यान दिनुहोला । | नरुलाल चौधरी प्रमुख<br>हुमा डिसी<br>उपप्रमुख | टोलको भवन निर्माण गर्दा बजेट अभाव भएर रोकिएको हो भने आउने वर्षको बजेटमा समस्या सम्बोधन हुनेछ । अरु कारणले काम रोकिएको हो भने समस्याको निकास खोजेर भवन प्रयोगमा ल्याउन पहल गर्नेछौं । |

| | | | | |
|---|---|---|---|---|
| १२ | द्रोर्णा वली<br>स्वयमंसेविका | महिला स्वास्थ्यस्वयंसेविकाको बीमा आजीवन बनाउन ध्यान दिनुहोला । | नरुलाल चौधरी प्रमुख<br>हुमा डिसी<br>उपप्रमुख | महिला स्वास्थ्य स्वयम्सेविका स्वास्थ्यको आधार स्तम्भ हुन् । खोप कार्यक्रमदेखि स्वास्थ्यका सूचक सुधारमा महिला स्वास्थ्य स्वयम्सेविकाको भुमिका अतुलनीय छ । यसमा हामीले कोशिस जारी राखेका छौँ । |
| १३ | जयभोला परियार<br>खिरिट्टे जीवनज्योति टोल | सुकुम्बासी, भूमिहीनले कहिले लालजूर्जा पाउँछन्? | नरुलाल चौधरी प्रमुख<br>हुमा डिसी<br>उपप्रमुख | कतिपयका काम पालिकाले चाहेर मात्रै नहुने हुन्छ । भूमि समस्या सम्बन्धी आयोगले समयमा काम नगर्दा पनि यसमा समस्या भएको हो । पालिकाले भूमिहीन, सुकुम्बासीलाई लालपूर्जा दिएर जग्गाको मालिक बनाउने काममा लागि परेको छ । आशा गरौं, अब चाँडै नै भूमिहीन, सुकुम्बासीको हातमा लालपूर्जा हुनेछ । |

## १०. गुणासो सम्बोधन

घोराही उपमहानगरपालिकाले आयोजना गरेको तेश्रो त्रैमासिक सार्वजनिक सुनुवाई कार्यक्रममा स्थानीय नागरीकहरुबाट प्राप्त सुझाव र गुनासाहरूलाई गम्भीरतापूर्वक सम्बोधन गरियो । घोराही उपमहानगरपालिकाका नगर प्रमुख नरुलाल चौधरीले विकास कार्यलाई पारदर्शी र प्रभावकारी बनाउन टोल विकास संस्थाहरूलाई थप जिम्मेवार बनाउँदै बजेट कार्यान्वयनमा जोड दिनुभयो । उहाँले समयमै गुणस्तरीय विकास निर्माणका लागि जनसहभागिता अपरिहार्य रहेको बताउँदै भौतिक, मानवीय र सामाजिक विकासमा सबैको ध्यान आवश्यक रहेको औंल्याउनुभयो ।

नगर उपप्रमुख हुमा कुमारी डिसीले महिलाको प्रजनन स्वास्थ्य, शिक्षाको गुणस्तर सुधार र कानुनी साक्षरता अभियानलाई प्राथमिकता दिइएको जानकारी दिनुभयो । यस्तै, प्रमुख प्रशासकीय अधिकृत ऋषिराम केसीले नागरिकका गुनासा सुन्ने वातावरणले विकासमा सकारात्मक प्रभाव परेको उल्लेख गर्नुभयो ।

यस कार्यक्रममा वडा सचिवहरूले वडास्तरका गतिविधिबारे जानकारी गराए भने वडाध्यक्षहरूले नागरिकका गुनासा र सुझावको सम्बोधन गरेका थिए । भौतिक पूर्वाधार प्रमुख युवराज पौडेलले बजेट अभावले पूर्वाधार विकासमा चुनौती रहे पनि उपलब्ध स्रोतको अधिकतम उपयोग भइरहेको बताउनुभयो । त्यस्तै शिक्षा शाखाका प्रतिनिधिले सामुदायिक विद्यालयको शैक्षिक र भौतिक सुधारमा सबैको सहकार्य आवश्यक रहेको जोड दिनुभयो ।

**प्रमुख प्रतिबद्धताहरू**

घोराही उपमहानगरपालिकाले विकासलाई गति दिन निम्न प्रतिबद्धताहरू व्यक्त गरेको छन्:

- **टोल विकासको सशक्तीकरण :** टोल विकास संस्थाहरूलाई जिम्मेवार बनाएर बजेट कार्यान्वयनलाई प्रभावकारी बनाइने ।
- **समयमै विकास निर्माण :** विकास कार्यहरू तोकिएको समयमा सम्पन्न गर्न ठोस सम्झौता र अनुगमन गर्ने ।
- **गुणस्तरीय सेवा :** स्थानिय नागरीकलाई सहज सेवा प्रदान गर्न नागरिक आफैं सहभागी हुने वातावरण मिलाउने ।
- मानवीय र सामाजिक विकास : भौतिक विकाससँगै सामाजिक र मानवीय पक्षमा जोड दिने ।
- महिला स्वास्थ्य सुधार : मातृ मृत्युदर घटाउन र स्वास्थ्य सेवामा पहुँच वृद्धिका लागि विशेष कार्यक्रम ल्याउने ।
- **शिक्षा सुधार अभियान :** सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि तालिम र पूर्वाधार विकास गर्ने ।
- **कानुनी साक्षरता :** वडास्तरमा कानुनी सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

- **नागरिक गुनासो सम्बोधन :** नागरिकका सुझाव र गुनासोलाई तत्काल सुन्ने र समाधान गर्ने वातावरण मिलाउने ।
- **वडास्तरको सूचना प्रवाह :** प्रत्येक वर्ष वडास्तरमा सार्वजनिक सुनुवाइ गरी कार्य प्रगति साझा गरिने ।
- **वडाध्यक्षको सक्रियता :** वडाध्यक्षहरूले नागरिकका गुनासा प्रत्यक्ष सुन्न नियमित अन्तरक्रिया गर्ने ।
- **पूर्वाधार विकास :** बजेट अभावका बाबजुद स्रोतको अधिकतम उपयोग गरी सडक, सिँचाइ र अन्य पूर्वाधार निर्माण गर्ने ।
- **शैक्षिक सहकार्य :** विद्यालय सुधारका लागि सबै सरोकारवालाको सहभागिता सुनिशिच्त गर्ने ।
- **कृषि प्रवर्द्धन :** आधुनिक प्रविधि, अनुदान, र सिँचाइ व्यवस्थापनमार्फत किसानको आय वृद्धिमा जोड दिने ।
- **पर्यटन विकास :** स्थानीय संस्कृति र होमस्टेमार्फत पर्यटन प्रवर्द्धन गर्ने ।
- **स्वास्थ्य सेवा :** स्वास्थ्य केन्द्रलाई सुदृढ गरी सहज स्वास्थ्य सेवा बनाउने ।
- **स्वच्छ खानेपानी र सरसफाइ :** खानेपानी र सरसफाइमा जनचेतना र पूर्वाधार विकास गर्ने ।
- **युवा र रोजगारी :** सीपमूलक तालिम र उद्यमशीलता विकासका अवसर श्रृजना गर्ने ।
- **सामाजिक सुरक्षा :** वृद्ध, एकल महिला, अपाङ्गता भएका व्यक्ति र विपन्नलाई लक्षित सहयोग पुऱ्याउने ।
- **सडक सुधार :** ग्रामीण सडक मर्मत र नयाँ सडक निर्माण गर्ने ।
- **डिजिटल सेवा :** अनलाइन प्रणालीमार्फत सरकारी सेवा सहज बनाइने ।

## ११. सार्वजनिक प्रतिबद्धता सार्वजनिकिकरण

यस सार्वजनिक सुनुवाइको अन्तिममा सम्पुर्ण घोराही उपमहानगरपालिकाका नागरीकहरुको समस्या तथा सवालहरुलाई सम्बोधन गर्न र स्थानिय तहमा नागरीकहरुलाई सुशासनको प्रत्याभुती गराउन सार्वजनिक प्रतिबद्धता सार्वजनिकिकरण गरेको छ ।

## १२. कार्यक्रमको समापन

यस घोराही उपमहानगरापलिकाको आ.व ०८१/०८२ को तेश्रो त्रैमासिक सार्वजनिक सुनुवाइ कार्यक्रम नगर प्रमुख नरुलाल चौधरीको अध्यक्षतामा सम्पन्न भएको थियो । सार्वजनिक सुनुवाइको जवाफदेही बक्ताको रुपमा नगर प्रमुख नरुलाल चौधरी, नगर उपप्रमुख हुमा डिसी, प्रमुख प्रशासकिय अधिकृत ऋषिराम केसी, वडा अध्यक्षहरु, वडा सचिव तथा महाशाखा, शाखाका प्रमुखहरुको सहभागीता रहेको थियो । त्यस्तै कार्यक्रममा विभिन्न सार्वजनिक निकायका सरोकारवालाहरु, शिक्षक, विद्यार्थी, नागरीक समाज संघसंस्था, उद्योगी, व्यावसायी, टोल विकास संस्था, उपभोक्ता समितिका पदाधिकारी, विकास साझेदार निकाय तथा गैससका प्रतिनिधि, उद्योग वाणीज्य संघ, नेपाल पत्रकार महासंघ, आम उपभोक्ता र सर्वसाधरण नागरिक गरी २४७ जनाको सहभागिता रहेको थियो ।

यस अवसरमा विभिन्न सेवाग्राही नागरीकहरुले आ-आफ्नो गुणासो तथा प्रतिक्रिया राख्नु भएको थियो । सार्वजनिक सुनुवाइमा उठेका नागरीकहरुका गुणासा तथा समस्याहरुको बारेमा नगर प्रमुख नरुलाल चौधरी, नगर उप्रमुख हुमा डिसी, प्रमुख प्रशासकिय ऋषिराम केसी, महाशाखा/शाखाका प्रमुखहरु, वडा अध्यक्षहरु लगायतले सम्बोधन तथा व्यवस्थापन गर्नुभएको थियो ।

**नरुलाल चौधरी (नगर प्रमुख) –** घोराही उपमहानगरपालिकाका प्रमुख नरुलाल चौधरीले हरेक त्रैमासिकमा सम्पुर्ण वडाका स्थानिय नागरीकहरुको गुणासो संकलन गर्ने र सोही अनुसार नागरीकका आपेक्षा पुरा गरिरहेको बताउनुभयो । पहिले भन्दा हाल नागरीकका गुणासा पुर्वाधार र कृषि र रोजगार रहेकोले पालिका सोही अनुसार योजनाहरुलाई अघि सारेको बताउनुभयो । उहाँले सबै स्थानिय नागरीकका गुणासा सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत सम्बोधन गर्ने र अन्य वार्षिक नीति तथा योजना मार्फत समावेश गर्ने गरेको उहाँले जानकारी दिनुभयो । नागरीकहरुलाई हामीले सुशासनको अनुभुती गराउन हर प्रयासमा छौं, हामीले समृद्ध घोराही महानगर बनाउन विभिन्न योजनाहरु अगाडी सारेका पनि छौ, त्यसैले निकट भविष्यमा सबै नागरीकहरुका गुणासो तथा सूझावहरुलाई व्यवस्थापन गर्दै जानेछौ –उहाँले भन्नुभयो । त्यस्तै उहाँले समयमै विकास निर्माणका कार्यहरू सम्झाैता गर्ने देखि कार्यान्वयनलाई प्रभावकारी बनाउँदै लगेको बताउनभुयो । जनतालाई सहज रूपमा सेवा प्रवाहसँगै समयमै गुणस्तरीय विकास निर्माणका काम गर्न जनता समेत जागरुक हुनुपर्ने हुँदा आएका सुझावलाई पालिकाले गम्भीरतापूर्वक लिएको बताउनुभयो ।

**हुमा डिसी (नगरउपप्रमुख) -** सार्वजनिक सुनुवाइको क्रममा नगर उपप्रमुख हुमा डिसीले सबै काम प्रक्रियागत र सहज ढङ्गले गर्दै आएको भन्दै टोल विकास संस्थाहरूलाई थप जिम्मेवार भएर तय भएका बजेट कार्यक्रम कार्यान्वयन गर्न अग्रसर हनुपर्ने बताउनु भयो । उहाँले भौतिक विकास हुदै जाने प्रकयृा भएको बताउँदै अब मानवीय र सामाजिक विकासमा सबैको ध्यान जान आवश्यक रहेको बताउनुभयो । उहाँले महिलाहरुको प्रजनन् स्वास्थ्य सुधारको प्रयासमा पालिका लागेको, शिक्षाको गुणस्तर सुधारका लागि अभियान चलाएको, न्यायीक समितिमार्फत कानूनी साक्षरता कार्यक्रम वडाहरुमा गर्न लागेको बताउनुभयो ।

**ऋषिराम केसी (प्रमुख प्रशासकिय अधिकृत) -** सार्वजनिक सुनुवाइको क्रममा घोराही उपमहानगरपालिका निमित्त प्रमुख प्रशासकीय अधिकृत बासुदेव आचार्यले नागरिकको गुनासो सन्ने वातावरणले पालिकाको विकासमा सघाउ पुगेको बताउनुभयो । सार्वजनिक सुनुवाई कार्यक्रममा सचिवहरुले वडामा भएका कामका बारेमा जानकारी गराउनुभएको थियो । उहाँले थप्नुभयो, उपमहानगरपालिकाका योजनाहरूको कार्यान्वयन र निगरानीमा नियमित सुधार गर्दै, सबै कार्यहरू पारदर्शी र जवाफदेही बनाउने हाम्रो प्राथमिकता हो । हामीले सार्वजनिक सुनुवाइ कार्यक्रमलाई सशक्त रूपमा सञ्चालन गरेर नागरिकका समस्याहरूलाई समयमै समाधान गर्ने दिशा तय गरेका छौं । प्रमुख प्रशासकिय अधिकृतले घोराही उपमहानगरपालिका प्रशासनका सबै स्तरमा सुधार ल्याउन, कार्य प्रक्रियामा पारदर्शिता र जवाफदेही सुनिश्चित गर्नका लागि आगामी दिनमा पनि निरन्तर प्रयास गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

## १३. निष्कर्ष

यस सरकारी तथा गैरसरकारी संस्थाहरूको कार्यक्रम मार्फत सेवाहरूलाई प्रभावकारी बनाउन आवश्यक समन्वय, निगरानी, र सहकार्यको खाँचो रहेको देखिन्छ । यस क्रममा नीति तथा योजनाहरूलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता पनि देखिएको छ । विशेष गरी, स्थानीय समुदायसँग प्रत्यक्ष सरोकार राख्ने सेवाहरू (जस्तै, स्वास्थ्य, शिक्षा, कृषि, र सामाजिक कल्याण) मा गुणस्तरीय सुधार ल्याउन योजनाबद्ध तरिकाले कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ । समुदायमा प्रत्यक्ष लाभ पुग्ने गरी यी सेवाहरूलाई व्यवस्थित गर्न तथा सही लाभर्थीहरूसम्म पुऱ्याउन पारदर्शिता र जवाफदेहिता कायम राख्नुपर्छ । त्यस्तै, महिला, बालबालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, तथा अन्य सामाजिक रूपमा पछि परेका समूहहरूलाई लक्षित गरी स्वास्थ्य, शिक्षा, सीप विकास, तथा उद्यमशीलता प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता छ ।

यसका साथै, सरकारी तथा गैरसरकारी निकायहरूले साझा सहकार्यका आधारमा प्रभावकारी योजना निर्माण, अनुगमन, र मूल्यांकन गर्नुपर्छ । यसले स्रोतसाधनको अधिकतम उपयोग गर्दै दिगो विकास सुनिश्चित गर्न मद्दत गर्नेछ ।

नेपालको संघीय संरचना अन्तर्गत संघ, प्रदेश, र स्थानीय तहबीच प्रभावकारी समन्वय गर्दै सरकारी सेवाहरूलाई सरल र नागरिकमैत्री बनाउनुपर्ने देखिन्छ । जनतासँग प्रत्यक्ष सम्बन्धित कार्यक्रमहरूलाई समयमै कार्यान्वयन गरी ती सेवाहरूको उपलब्धता र गुणस्तर सुधार गर्नुपर्ने आवश्यकता रहेको छ ।


घोराहीमा सार्वजनिक सुनुवाइ

## १४. फोटोहरु








